**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**जनशक्ति व्यवस्थापन विभागको**

# Online दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

यस बैंकमा रिक्त रहेका निम्न पदहरु लोक सेवा आयोगको सहमति अनुसार खुला प्रतियोगिताद्वारा पूर्ति गर्नु पर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट मिति २०७५/०७/२९ देखि Online दरखास्त फाराम भर्न आव्हान गरिएको छ । बैंकले तोकेको Online फाराममा भर्नु पर्ने सम्पूर्ण विवरण भरी सोको साथ नागरिकता र दरखास्त दिने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र र पासपोर्ट साइजको फोटो Scan / Attach गरी तोकिएको दस्तुर तिरी (RBB Mobile Banking, Fone pay र eSewa बाट समेत तिर्न सकिने) मिति २०७५/०८/१९ सम्म र दोब्बर दस्तुर तिरी मिति २०७५/०८/२६ सम्म Online दरखास्त पेश गर्नु पर्नेछ । म्याद भित्र दाखिला नभएको र रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी Online दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनु पर्नेछ ।

| विज्ञापन नं. | पद/श्रेणी | सेवा | पद संख्या | समूह/पद संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपांग | पि.क्षे. |
| २१/२०७५ | सहायक निर्देशक (अधिकृत तृतीय) | प्रशासन | २१ | १२ | ३ | २ | २ | १ | १ | - |
| २२/२०७५ | सहायक निर्देशक (अधिकृत तृतीय) चार्टड एकाउण्टेन्ट | प्रशासन | १० | ६ | १ | १ | १ | १ | - | - |
| २३/२०७५ | सहायक निर्देशक (अधिकृत तृतीय) बाणिज्य कानून | प्रशासन | २ | १ | १ | - | - | - | - | - |
| २४/२०७५ | सहायक (सहायक द्वितीय) | प्रशासन | ६८ | ३७ | १० | ८ | ७ | ३ | २ | १ |
| २५/२०७५ | सहायक (सहायक द्वितीय) सूचना प्रविधि | प्राविधिक | १३ | ७ | २ | २ | १ | १ | - | - |

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :-**

(क) **सहायक निर्देशक (विज्ञापन नं. २१/२०७५) पदको लागि :** त्रिभुवन विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र वा वाणिज्यशास्त्र वा व्यवस्थापन वा जनप्रशासन विषयमा स्नातकोत्तर सरहको परीक्षा उत्तीर्ण गरेको ।

(ख) **सहायक निर्देशक (चार्टड एकाउण्टेन्ट) विज्ञापन नं. २२/२०७५ पदको लागि :** त्रिभुवन विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर सरहको CA/ACCA/CPA परीक्षा उत्तीर्ण गरी नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाबाट सदस्यता प्राप्त गरेको ।

(ग) **सहायक निर्देशक (बाणिज्य कानून) विज्ञापन नं. २३/२०७५ पदको लागि :** त्रिभुवन विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालयबाट बाणिज्य कानूनमा स्नातकोत्तर उत्तिर्ण गरेको वा अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यवस्थापन वा जनप्रशासन विषयमा स्नातकोत्तर परीक्षा उत्तीर्ण गर्नुका साथै वि.एल. उत्तीर्ण गरेको ।

(घ) **सहायक (प्रशासन) विज्ञापन नं. २४/२०७५ पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट १० जोड २ वा सो सरहको उपाधि हासिल गरेको ।

(ङ) **सहायक (सूचना प्रविधि) विज्ञापन नं. २५/२०७५ पदको लागि :** मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इन्जिनियरिङ्ग/इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग/हार्डवेयर इन्जिनियरिङ्ग विषयमा तीन वर्षे डिप्लोमा उत्तीर्ण गरेको ।

२. **समावेशीको आधार :-** समावेशी समूहतर्फ फाराम भर्ने उम्मेदवारहरुले आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रको लागि सम्बन्धित निकायले जारी गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

३. **तलब भत्ता तथा सुविधा :-** बैंकको नियमानुसार हुनेछ ।

४. **उम्मेदवारको उमेर :-**

(क) **सहायक निर्देशक पदको लागि** दरखास्त दिने अन्तिम मिति (२०७५/०८/१९) सम्ममा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

(ख) **सहायक पदको लागि** दरखास्त दिने अन्तिम मिति (२०७५/०८/१९) सम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिला उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको हुनु पर्नेछ । यस बैंकको वहालवाला कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन ।

५. **परीक्षाको किसिम :-** विज्ञापन नं. २१/२०७५ देखि विज्ञापन नं. २४/२०७५ सम्मका पदको लागि पूर्व-योग्यता, लिखित र अन्तर्वार्ता तथा विज्ञापन नं. २५/२०७५ को लागि लिखित, प्रयोगात्मक र अन्तर्वार्ता परीक्षाको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ । विज्ञापन नं. २४/२०७५ को पदको लागि परिक्षार्थीले Online फारम भर्ने क्रममा परीक्षा दिने प्रयोजनको लागि देहायका सात स्थानहरु (बिराटनगर, जनकपूर, भैरहवा, पोखरा, नेपालगञ्ज, धनगढी र काठमाण्डौं) मध्ये कुनै एक स्थान रोज्नु पर्नेछ । उक्त तहको परीक्षा (पूर्व योग्यता तथा लिखित) उक्त केन्द्रहरुमा एकैदिन एउटै प्रश्नपत्र मार्फत् सञ्चालन हुनेछ ।

उपर्युक्त वमोजिमका विज्ञापनमा पूर्व-योग्यता र विषयगत लिखित परीक्षा संचालन लोक सेवा आयोगले गर्नेछ । साथै, पूर्व-योग्यता र विषयगत लिखित परीक्षाको मिति र परीक्षा केन्द्र पछि प्रकाशित गरिनेछ ।

६. **परीक्षणकाल अवधि :-** महिला कर्मचारीलाई ६ महिना र पुरुष कर्मचारीलाई १ वर्ष ।

७. **निवृत्तभरण पाउने वा नपाउने :-** निवृत्तभरण पाउने ।

८. **परीक्षा दस्तुर :-**

(क) **सहायक निर्देशक (विज्ञापन नं. २१/२०७५ देखि २३/२०७५) पदको लागि :** खुला समूहको लागि रु. ८००।- र प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रु. ३००।- (कुनै एक समावेशी समूहका लागि मात्र रु. ८००।- तथा एक भन्दा बढी समावेशी समूहमा भरेमा प्रत्येक थप समावेशी समूहका लागि थप रु. ३००।-)

(ख) **सहायक (विज्ञापन नं. २४/२०७५ र २५/२०७५) पदको लागि :** खुला समूहको लागि रु. ६००।- र प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रु. २००।- (कुनै एक समावेशी समूहका लागि मात्र रु. ६००।- तथा एक भन्दा बढी समावेशी समूहमा भरेमा प्रत्येक थप समावेशी समूहका लागि थप रु. २००।-)

९. **परीक्षा दस्तुर बुझाउने प्रक्रिया :-** Online दरखास्त फाराम Submit गरे पश्चात प्राप्त हुने Application Number अनुरुप बुझाउनु पर्ने परीक्षा दस्तर RBB Mobile Banking, Fone pay र eSewa मार्फत बुझाउनु पर्नेछ । RBB Mobile Banking, Fone pay र eSewa मार्फत भुक्तानी गर्न सम्भव नभएमा यस बैंकको बैंकिङ कार्यालय तथा जिल्ला स्थित कार्यालयको नाफा नोक्सान आम्दानी फुटकर हिसाबमा जम्मा गर्न सकिनेछ । Application Number र नाम उल्लेख नगरिएको तथा तोकिए बमोजिमको रकम जम्मा नगरेको Online दरखास्त फाराम रीतपूर्वक भएको मानिने छैन ।

१०. **पदस्थापन :-** उपरोक्त विज्ञापन अनुसार नियुक्त हुने कर्मचारीहरुलाई बैंकको आवश्यकता अनुसार केन्द्रीय कार्यालय र उपत्यका बाहिरका कार्यालयहरुमा पदस्थापन गरिनेछ ।

११. Online दरखास्त फाराम भर्न नेपाल राष्ट्र बैंकको Website : www.nrb.org.np को career @ NRB भित्र गई त्यहाँ राखिएको Online Application Form Submission Portal बाट भर्न सकिनेछ ।

१२. Online दरखास्त फाराम भर्दा कुनै द्विविधा भएमा यस बैंकको टेलिफोन नं. ०१४४१९८०४, ०१४४१९८०५, ०१४४१९८०६, ०१४४१९८०७ एक्सटेन्सन नं.: १३८ र १४६ अथवा यस बैंकको ईमेल career@nrb.org.np मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

१३. यो सूचना तथा उपरोक्त पदहरुको पाठ्यक्रम यस बैंकको **website: www.nrb.org.np** को **career @ NRB** मा राखिएको छ ।

मिति :- २०७५/०७/२९

(पिताम्बर भण्डारी)
कार्यकारी निर्देशक